## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०९-२०७९/०८०

मिति २०७९/०९/२९ समय: दिनको १२:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) | श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) | श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) | श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) | श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) | श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) | श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) | श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) | श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) | श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) | श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मितिः २०७९/०९/२९

वैठक संख्या: ०९-२०७९/०८०

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा ।
२. श्रद्धाञ्जली र समवेदना प्रकट सम्बन्धमा ।
३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन सम्बन्धमा ।
४. क्वादी खानेपानी आयोजना सम्बन्धमा ।
५. ५ नं. वडा कार्यालय निर्माण सम्बन्धमा ।
६. सेवा प्रवाह सुधार सम्बन्धमा ।
७. प्राथमिकता प्राप्त आयोजना सम्बन्धमा ।
८. ठेक्काको कामको प्रगति सम्बन्धमा ।
९. NTC टावर राख्ने अनुमति सम्बन्धमा
१०. जग्गा वर्गिकरण सम्बन्धमा ।
११. सोलार सिस्टम हस्तान्तरण सम्बन्धमा ।
१२. युनिसेफ बजेट सम्बन्धमा ।
१३. नदीघाटबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री व्यवस्थापन सम्बन्धमा ।
१४. स्थानीय समन्वय समिति गठन सम्बन्धमा ।
१५. छानबिन तथा सिफारिस समिति गठन सम्बन्धमा ।
१६. वैकल्पिक मार्ग बनाउने सम्बन्धमा ।
१७. अमिन करारमा लिने सम्बन्धमा ।
१८. सेवाग्राही सहजर्ताको सुविधा सम्बन्धमा ।
१९. O & M सम्बन्धमा ।
२०. "घ" वर्ग निर्माण व्यवसायी इजाजत सम्बन्धमा ।
२१. ToR स्वीकृत सम्बन्धमा ।
२२. सचिवालय सहयोगीको पारिश्रमिक सम्बन्धमा ।
२३. सडक बोर्डको लागत सहभागितामा सञ्चालित योजना छनौट सम्बन्धमा ।
२४. म्याद थप सम्बन्धमा ।
२५. छपान आदेश सिफारिस गर्ने ।

लिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरु:**

**निर्णय नं. १:** यस अघिको वैठकबाट भएको निर्णयको कार्यान्वयन प्रगति समीक्षा गरियो । साथै चालु आ.व.को दोस्रो त्रैमासिक तथा अर्धवार्षिक प्रगति समीक्षा गरियो ।

**निर्णय नं. २:** गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङको ममतमयी माता धनसरी गुरुङको २०७९ पौष २८ गते भएकोले स्वर्गीय धनसरी गुरुङ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** आ.व. २०७८/०७९ अवधिको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा यस गाउँपालिकाको प्रारम्भिक र जि.स.स. बाट प्राप्त पृष्ठपोषण समेतको आधारमा पुन:मुल्यांकन गर्दा ६२ अंक प्राप्त भएको स्वीकृत गरियो ।

**निर्णय नं. ४:** ठेक्का नं. NCB/DRM/WS12/2078/079 को संघीय विशेष/सशर्त बजेटबाट क्यादी खोला खानेपानी योजनाको २०७९ आषाढ मसान्तसम्मको कामको मूल्यांकन गरी भुक्तानी दिइएको र त्यस पछि हाल बजेट सुनिश्चित नभएकोले थप कामको लागि प्रक्रिया अगाडी नबढाउने निर्णय गरियो ।

**निर्णय नं. ५:** वडा नं. ५ को वडा कार्यालयको भवन निर्माण आयोजना बहुवर्षिय आयोजनाको रुपमा स्वीकृत भई ठेक्का सम्झौता भई काम भईरहेकोमा वडा कार्यालय सञ्चालनमा समस्या भएकोले उक्त भवन यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरी काम अगाडी बढाउने निर्णय गरियो । साथै सोही भवन निर्माण स्थल पछाडी देखि श्री चक्रवर्ती विद्यालय सम्मको खाडल पुर्ने र भवनको माथि पिल्लर सबै उठाउने निर्णय गरियो ।

**निर्णय नं. ६:** गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाहमा सुधार गरी योजना सम्झौता, फछ्र्यौट, फरफारक, भुक्तानी प्रक्रिया तथा अन्य विभिन्न शाखा/इकाई तथा वडा कार्यालयहरुबाट हुने कामलाई छिटो, छरितो, सरल बनाउने र आवश्यक श्रोत, साधन, जनशक्ति, कार्य वातावरणको लागि जनप्रतिनिधि र कर्मचारीबिच समन्वय, आपसी सहयोग, सहकार्य गर्ने निर्णय गरियो साथै यसको लागि जुनसुकै सेवा/समुह तथा जुनसुकै तहका कर्मचारीलाई आवश्यकता तथा कार्यबोझका आधारमा अर्को व्यवस्था नभए सम्मको लागि जुनसुकै सेवा/समुह, तहको कामकाजमा गर्न खटाउने निर्णय गरियो ।

**निर्णय नं. ७:** चालु आर्थिक वर्षको लागि देवघाट गाउँपालिका क्षेत्रमा सञ्चालन हुने तपसिलका आयोजनाहरुलाई प्राथमिकता प्राप्त आयोजनाको रुपमा तोक्ने र गाउँपालिकाले श्रोत साधनको अभाव हुन नदिई काम सम्पन्न गर्न सहयोग गर्ने निर्णय गरियो ।

**तपसिल:**

क) घिनाटार-टाउनचोक सडक स्तरोन्नती (कालोपत्रे) आयोजना
ख) गाउँपालिका प्रशासकिय भवन निर्माण आयोजना
ग) गाउँपालिका आधारभूत अस्पताल भवन निर्माण आयोजना
घ) वडा नं. १ र ५ को वडा कार्यालय भवन निर्माण आयोजना
ङ) घण्टाचुली भ्यू टावर तथा पूर्वाधार निर्माण आयोजना
च) शालिग्राम करिडोर देउपुर-कोटा सडक स्तरोन्नती (कालोपत्रे) गर्ने आयोजना (गण्डकी प्रदेश सरकारको लगानीमा)

**निर्णय नं. ८:** गाउँपालिकाबाट लगाइएका निर्माण कार्यको ठेक्काका कामहरुको प्रगति समीक्षा गरियो । साथै चालु आ.व. को कामका प्रगती न्यून भएका तपसिल अनुसारका आयोजनाहरु तोकिएको समयमा नै सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।

**तपसिल:**

क) गाउँपालिका प्रशासकीय भवन निर्माण आयोजना
ख) गाउँपालिका आधारभूत अस्पताल भवन निर्माण आयोजना
ग) घण्टाचुली भ्यूटावर तथा पूर्वाधार निर्माण आयोजना

तिल बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ९:** नेपाल टेलिकम (NTC) लाई वडा नं. ५ घिनाटार स्थित सिता सामुदायिक वन क्षेत्रमा टावर राख्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. १०:** कृषि तथा गैर कृषि क्षेत्र छुट्टाइएको जग्गाको वर्गिकरण सम्बन्धमा गत मंसिर महिना २० गते गाउँपालिका भू-उपयोग परिषदले गरेको निर्णयलाई नै अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट २ नं. वडा कार्यालयमा १ किलोवाटको नयाँ सोलार सिष्टम परेकोले उक्त कार्यालयमा रहेको पुरानो सोलार सिष्टम श्री सर्वोदय आधारभूत विद्यालय, देवघाट २ तनहुँलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** युनिसेफबाट प्राप्त बजेटबाट सञ्चालन हुने खानेपानी तथा सरसफाई सम्बन्धि आयोजना तथा कार्यक्रम स्वीकृत गरियो ।

**निर्णय नं. १३:** प्रारम्भिक वातावरणीय परीक्षण (IEE) भएका तपसिल अनुसारका नदीघाटहरुबाट नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्री व्यवस्थापनको लागि आय ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

तपसिल:

क) शालिग्राम करिडोरमा पर्ने चापखोलाबाट ९०९३ घ.मि.

ख) शालिग्राम करिडोरमा पर्ने काटीखोलाबाट १७७९८ घ.मि.

**निर्णय नं. १४:** बालश्रममुक्त स्थानीय तह घोषणाका लागि तपसिल अनुसार स्थानीय समन्वय समिति गठन गरियो ।

**तपसिल**:

क) ५ नं. वडा अध्यक्ष श्री पूर्ण बहादुर कुँवर - संयोजक

ख) सामाजिक विकास समिति संयोजक श्री मित्रलाल गुरुङ - सदस्य

ग) रोजगारदाता श्री अर्जुन अधिकारी - सदस्य

घ) ट्रेड युनियन सदस्य श्री गीता राजभाट - सदस्य

ङ) बालश्रमसँग सम्बन्धित गैसस प्रतिनिधि श्री रोशन श्रेष्ठ - सदस्य

च) बाल सञ्जाल प्रतिनिधि श्री अर्चना साँखी - सदस्य

छ) नागरिक समाज एवं सिकाई केन्द्र अध्यक्ष श्री जयकृष्ण सुवेदी - सदस्य

ज) इ.प्र.का स्थानीय प्रशासन प्रमुख श्री भेषराज रेग्मी - सदस्य

झ) स्थानीय सञ्चारकर्मी श्री आशिक राना - सदस्य

ञ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक इकाई प्रमुख - सदस्य सचिव

**निर्णय नं. १५:** अघिल्ला आर्थिक वर्षहरुमा भुक्तानी लिन बाँकी रहेका भनि गाउँपालिकामा भुक्तानीको लागि दाबी भएको आयोजना तथा कार्यक्रमको सम्बन्धमा र सन्ध्या सन्देश निर्माण सेवाले नदीजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रीको लागि जम्मा गरेको रकम फिर्ता पाउन दिएको निवेदन उपर छानबिन गरी १५ दिन भित्रमा प्रतिवेदन पेश गर्नको लागि तपसिल अनुसारको एक छानबिन तथा सिफारिस समिति गठन गर्ने निर्णय गरियो । साथै छानबिनको क्रममा सम्बन्धित पक्ष, शाखा/इकाईले सहयोग पुर्याउनु पर्ने निर्णय गरियो ।

**तपसिल**:

क) गाउँपालिका उपाध्यक्ष श्री भुवन सिं गुरुङ – संयोजक

ख) विषयगत समितिका सदस्यहरु सबै – सदस्य

**निर्णय नं. १६:** कालीगण्डकी नदी पुल (हर्दि) हुँदै त्रिशुली नदी दासढुङ्गा पुलसम्म वनक्षेत्र र आवासीय क्षेत्र बिचबाट वैकल्पिक मार्ग बनाउने निर्णय गरियो ।

**निर्णय नं. १७:** भूमी व्यवस्थापन तथा भूमी आयोग सम्बन्धि कामको लागि १ जना अमिन करारमा नियुक्ति गरी काममा लगाउने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १८:** सेवाग्राही सहजकर्तालाई सरसफाई, उद्योग लगायतका अन्य काममा पनि परिचालन गर्नुपर्ने भएकोले ५,०००/- थप गरी रु. २५,०००/- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १९:** गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O & M) पुनरावलोकन गरी सिफारिस गर्न तपसिल अनुसारको एक समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) लेखा अधिकृत | - सदस्य |
| ग) राजश्व इकाई प्रमुख | - सदस्य |
| घ) आर्थिक विकास शाखा/इकाई प्रमुख | - सदस्य |
| ङ) प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

**निर्णय नं. २०:** एस.पि.म. इन्फ्रास्ट्रक्चर डेभलपर्स एण्ड सप्लायर्स प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने निर्णय गरियो ।

**निर्णय नं. २१:** भरतपुर – २ चितवनका गायत्री श्रेष्ठ र देवघाट ५ तनहुँका शशिकला मरहट्ठा प्रस्तावक रही पेश गरेको माटो उत्खननको ToR स्वीकृत गरियो ।

**निर्णय नं. २२:** गाउँपालिका कार्यसञ्चालन निर्देशिका, २०७९ को दपा १८ अनुसार गाउँपालिका अध्यक्षले निरज चौधरीलाई र उपाध्यक्षले श्रवण तामाङ्गलाई सहयोगी कर्मचारीको रुपमा नियुक्ति गर्नु भएकोमा निज दुवैजना सहयोगीले अध्यक्ष र उपाध्यक्षको सहयोगीको रुपमा काम गर्नुको साथसाथै गाउँ कार्यपालिकाको कार्यालयको पनि काम गरेको हुँदा निज सहयोगी दुवी जनालाई कार्यालय सहयोगीले पाए सरहको तलब सुविधा २०७९ श्रावण देखि गाउँपालिकाले दिने निर्णय गरियो ।

**निर्णय नं. २३:** सडक बोर्ड नेपालबाट प्राप्त हुने रु. ११,००,०००/- बजेट र गाउँपालिकाको समपुरक रकम रु. ३,५०,०००/- गरी रु. १३,५०,०००/- लागतमा वडा नं. ५ को मधुवन सामुदायिक वन चोक देखि भर्जन खोला जाने तर्फको सडक मर्मत सम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४:** ई. सन्देश दाहालाई गाउँपालिकाको प्रशासकीय भवन लगायतको भौतिक संरचना निर्माण र अन्य प्राविधिक परामर्शको कामको लागि २०७९ श्रावण देखि पौष मसान्त सम्म परामर्शदाताको रुपमा सम्झौता गरी काममा लगाइएकोमा ६ महिना थप गरी २०८० साल आषाढ मसान्त सम्म प्राविधिक परामर्शदाताको रुपमा काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. २५:** सामुदायिक वन उपभोक्ता समितिबाट सामुदायिक वन क्षेत्रको रुख छपान गर्नको लागि वडा कार्यालयको सिफारिस माग गरेमा वडा कार्यालयले सिफारिस गर्ने निर्णय गरियो ।

सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

निल बहादुर थापा
अध्यक्ष